# प्रतापपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

५ नं. प्रदेश, नेपाल

प.स.: ०७६/७७

च.नं.:

मितिः २०७६।१२।०९

श्री जो जससँग सम्बन्ध छ।

विषयः अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरू स्थगित रहने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यूले मिति २०७६।१२।०७ गते देशबासीलाई सम्वोधन गर्नु हुँदै निर्देशन भए बमोजिम विश्वभर महामारीको रुपमा फैलिदै गरेको कोभिड १९ को नियन्त्रण तथा रोकथामका लागि सजग भई पूर्व सावधानी अपनाउनु पर्ने राष्ट्रिय अत्यावश्यकताको सन्दर्भ यस कार्यालयबाट प्रवाह गरिने देहायका अत्यावश्यक सेवाहरू वाहेक गाउँकार्यपालिकाको कार्यालय, प्रतापपुर र मातहतका सबै वडा कार्यालयहरूबाट प्रदान गरिदै आएको सिफारिस तथा प्रमाणित गर्ने कार्य लगायतका अन्य सम्पूर्ण सेवाहरू मिति २०७६।१२।०९ गतेदेखि मिति २०७६।१२।२१ गते स्थगित रहने व्यहोरा यस गाउँपालिकाको मिति २०७६।१२।०९ गते (अध्यक्ष स्तरीय) निर्णय अनुसार आदरणीय पालिकाबासीहरूका साथै सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट पर्न जाने असुविधाका लागि कार्यालय क्षमाप्रार्थी रहेको व्यहोरा अनुरोध गरिन्छ। साथै यस कार्यालय तथा मातहतका वडा कार्यालयहरूका सम्पूर्ण कर्मचारीहरूले नियमित रुपमा कार्यालयमा उपस्थित भई तोकिएको काम कर्तव्य जिम्मेवार पूर्वक वहन गर्नुहुन सुचित गरिन्छ।

**यथावत रुपमा संचालन हुने अत्यावश्यक सेवाहरू**

१) विपद व्यवस्थापनसँग सम्बन्धित कार्यहरू

२) जनस्वास्थ्यसँग सम्बन्धित विषय तथा कोभिड १९ को रोकथाम तथा नियन्त्रणसँग सम्बन्धित कार्यहरू

घनश्याम गाहा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

वेबसाईट: pratappurmun.gov.np, ई-मेल: ito.pratappurmun@gmail.com, फोन नं. ०७८-४१९०९५